# बित्थडचिर गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः८ संख्याः ४ मितिः२०८२।११।२८


**भाग-२**

बित्थडचिर गाउँपालिका

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।११ ।२७

प्रमाणीकरण मितिः २०८२।११।२८

राजपत्रमा प्रकाशित मितिः२०८२।११।२८

# उत्कृष्ठ सामुदायिक विद्यालय र विद्यार्थी प्रोत्साहन तथा सम्मान सम्बन्धी कार्यविधि, -२०८२

प्रस्तावनाः

बित्थडचिर गाउँपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थी तथा विद्यालयहरु मध्येबाट छनोटका आधारमा प्रोत्साहन गरी विद्यार्थी तथा विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ "ज" बित्थडचिर गाउँपालिका शिक्षा ऐन २०७९ दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## सङ्क्षिप्त नाम र प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः

क) यस कार्यविधिको नाम **"उत्कृष्ट विद्यार्थी तथा विद्यालय प्रोत्साहन तथा सम्मान सम्बन्धि कार्यविधि, २०८२"** रहेको छ।

ख) यो कार्यविधि बित्थडचिर गाउँपालिका गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः-

क) "ऐन" भन्नाले बित्थडचिर गाउँपालिका शिक्षा ऐन, २०७९ लाई सम्झनु पर्दछ।

ख) "गाउँपालिका" भन्नाले बित्थडचिर गाउँपालिकालाई सम्झनु पर्छ।

ग) "कार्यपालिका" भन्नाले बित्थडचिर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।

घ) "अध्यक्ष" भन्नाले बित्थडचिर  गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ङ) " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले बित्थडचिर  गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्न तोकिएको अधिकृतलाई सम्झनु पर्दछ ।

च) "शिक्षा, युवा तथा खेलकुट शाखा" भन्नाले बित्थडचिर  गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

छ) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्दछ ।

ज) "शिक्षक" भन्नाले बित्थडचिर  गाउँपालिका अन्तर्गत रहेका विद्यालयहरुमा अध्यापनरत शिक्षकलाई सम्झनु पर्दछ ।

झ) "विद्यालय" भन्नाले बित्थडचिर  गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सम्झनु पर्दछ ।

ञ) "विद्यार्थी" भन्नाले बित्थडचिर  गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## उद्देश्य र छनौट समिति

**३. उद्देश्यः**

क) उत्कृष्ट विद्यार्थी तथा विद्यालय छनोटका आधार तथा मापदण्ड निर्धारण गरी पारदर्शी र प्रभावकारी रुपमा कार्यक्रम सञ्चालन गर्नु ।

ख) तोकिएको आधार र मापदण्ड बमोजिम उत्कृष्ट विद्यार्थी तथा विद्यालय छनोट गरि पुरस्कृत गर्नु ।

ग) उत्कृष्ट छनौट हुने विद्यार्थी तथा विद्यालयलाई प्रदान गरिने प्रोत्साहन रकमलाई शैक्षिक गुणस्तर सुधारका लागि उपयोग गर्न मार्ग निर्देशन गर्नु ।

४. **छनौट समितिः**

अ. उत्कृष्ट विद्यार्थी तथा विद्यालय छनौट कार्यक्रममा नितिगत निर्णय गर्नको लागि तपसिल बमोजिमको छनोट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) पालिका अन्तर्गतका सम्पूर्ण माध्यमिक विद्यालयहरुमध्येबाट जेष्ठ प्रधानाध्यापक - सदस्य

ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

आ. नियम ४ को उपनियम

(अ) बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

(आ) समितिको बैठकमा गाउँपालिका अध्यक्ष तथा सामाजिक विकास समिति संयोजकलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

५. छनौट समितिको भूमिकाः दफा ५ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुने छ

क) विद्यालयबाट प्राप्त निवेदन तथा यस मापदण्डको अनुसूचि-१ बमोजिम उत्कृष्ट विद्यालय छनौटका आधारमा उत्कृष्ट विद्यालय मूल्याङ्कन गरी छनौट गर्ने ।

ख) उत्कृष्ट विद्यालय र  विद्यार्थीलाई दिइने पुरस्कारको रकमको निर्धारण गर्ने ।

ग) छनौट भएका उत्कृष्ट विद्यालय र विद्यार्थीहरुको विवरण सिफारिस गर्ने ।

६. शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिकाः
उत्कृष्ट विद्यालय तथा विद्यार्थीहरुलाई प्रदान गरिने पुरस्कार रकमको कार्यान्वयनका सन्दर्भमा शिक्षा, युवा तथा खेलकुद शाखाको भूमिका देहाय अनुसारको हुनेछ ।

क) उत्कृष्ट विद्यालय छनोटका लागि ७ दिनको म्याद राखि सूचना प्रकाशन गर्ने ।

ख) प्राप्त निवेदन तथा सिफारिसहरुलाई छनौट समिति समक्ष पेश गर्ने ।

ग) छनौट समितिबाट सिफारिस भई आएका विद्यालयहरुसँग नियम १० बमोजिमको कार्यक्रम गर्न सम्झौता गर्ने ।

घ) कार्यक्रम अनुगमन गर्ने ।

ङ) प्रगति विवरणको आधारमा रकम भुक्तानी दिने व्यवस्था मिलाउने ।

७. उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरुः उत्कृष्ट विद्यालय छनौटका आधार तथा मापदण्डहरु अनुसूची ३ बमोजिम हुनेछन ।

८. उत्कृष्ट विद्यार्थी छनौटका आधार तथा मापदण्डहरुः आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा-८, माध्यमिक शिक्षा परीक्षा(SEE) र कक्षा १२ को परीक्षामा सबैभन्दा बढी GPA प्राप्त गर्ने ३ जना विद्यार्थीहरुलाई उत्कृष्ट विद्यार्थीका रुपमा छनौट हुनेछन ।

९. पुरस्कारको राशी र अन्य व्यवस्थाः यस मापदण्ड बमोजिम प्रदान गरिने पुरस्कारको राशी देहाय बमोजिम हुने छ ।

क) उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई प्रत्येक आर्थिक वर्षमा एकपल्ट प्रदान गरिने छ ।

ख) उत्कृष्ट विद्यालय पुरस्कार प्रत्येक आ.व.मा प्रथम र दोस्रो हुने विद्यालयलाई तोके बमोजिमको रकम र अनुसूची १ बमोजिमको प्रमाणपत्र प्रदान गरिनेछ ।

ग) उत्कृष्ठ विद्यार्थी पुरस्कार कक्षा ८ कक्षा १० र कक्षा १२ को नतिजामा उत्कृष्ठ जिपिए ल्याउने विद्यार्थीहरुलाई प्रदान गरिनेछ ।

घ) उत्कृष्ट विद्यालय तथा विद्यार्थीलाई प्रदान गरिने पुरस्कार रकम दफा ४ बमोजिम गठित समितिले तोके बमोजिम हुनेछ ।

१०. **पुरस्कार कार्यान्वयन सम्बन्धी मापदण्डः** उत्कृष्ट विद्यालय पुरस्कार विद्यालयले वि.व्य.स.को निर्णयानुसार शैक्षिक उपलब्धी तथा गुणस्तर वृद्धि हुने क्षेत्रमा प्रचलित आर्थिक कार्यविधि तथा नियम अनुसार मात्र खर्च गर्नुपर्नेछ अन्यथा कानुन बमोजिम कारवाही हुनेछ ।

११. **बचाउः** यस मापदण्डमा लेखेको विषयको हकमा यसै बमोजिम र नलेखेको कुरा प्रचलित कानुन अनुसार हुनेछ ।

१२. **संशोधनः** गाउँ कार्यपालिकाको आवश्यकतानुसार यो मापदण्ड संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसूची-१

उत्कृष्ट विद्यालयलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# बित्थडचिर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणपत्र

बित्थडचिर गाउँपालिकाको मिति......................................को निर्णयानुसार कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मुल्याङ्कन गर्दै श्री...................................... विद्यालयलाई आर्थिक वर्ष............................ को उत्कृष्ट विद्यालय सम्मान पुरस्कार सहित स-धन्यावाद यो प्रमाणपत्र प्रदान गरिएको छ ।

| | | |
|---|---|---|
| ................................ | ............................ | ................................... |
| शिक्षा शाखा प्रमुख | **प्रमुख प्रशासकीय अधिकृत** | **गाउँ पालिका अध्यक्ष** |

अनुसूची २

उत्कृष्ट शिक्षकलाई प्रदान गरिने प्रमाण पत्रको ढाँचा

# बित्थडचिर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमाणपत्र

बित्थडचिर गाउँपालिकाको मिति........................................को निर्णयानुसार कार्य सम्पादनमा पुऱ्याउनु भएको विशिष्ट योगदानको उच्च मुल्याङ्कन गर्दै तपाई श्री.......................................लाई आर्थिक वर्ष............................ को उत्कृष्ट शिक्षक सम्मान पुरस्कार सहित स-धन्यावाद यो प्रमाणपत्र प्रदान गरिएको छ । साथै तपाईको उत्तरोत्तर प्रगतीको कामना गर्दछौ ।

| | | |
|---|---|---|
| ................................ | .................................... | .................................... |
| **शिक्षा शाखा प्रमुख** | **प्रमुख प्रशासकीय अधिकृत** | **गाउँ पालिका अध्यक्ष** |

अनुसूची-३

उत्कृष्ठ विद्यालय छनौट सम्बन्धी आधार

उत्कृष्ठ अंक ल्याउने आधारभूत( १-५), आधारभूत तह (६-८) र माध्यमिक तह  (९-१२) तहगत रुपमा

| क्र.स | विषय | कार्यान्वयनको अवस्था | मुल्यांकन | | मुल्यांकनका आधार |
|---|---|---|---|---|---|
| १ | | लक्ष प्रगति | पूर्णाङ्क | प्राप्ताङ्क | १०० नं पूर्णाङ्कमा परीक्षण गरिने। |
| | बैठक र निर्णय कार्यान्वयन | | १० | | |
| | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, शिक्षक स्टाफ, खाजा व्यवस्थापन समितिका बैठक बसेको सङ्ख्या | | ४ | | लक्ष्यअनुसार बैठक बसेमा पूर्णाङ्क मानी बढीमा ४ अङ्क |
| | विद्यालयमा गठित विभिन्न समितिका बैठकको निर्णयको कार्यान्वयन | | ४ | | समितिमा भएका महत्त्वपूर्ण निर्णय सबै कार्यान्वयन भएमा पूर्णाङ्कमा नि सोही अनुपातमा अङ्क |
| | विद्यालय सुधार योजना, गुरु योजना निर्माण | | २ | | समयअनुसार अध्यावधिक भएकालाई २ अङ्क र योजना मात्र बनायकालाई १ |
| २ | विद्यालयको नाममा रहेको जग्गा एवं स्रोतको उपयोगको अवस्था | | १० | | |
| | भवन,कोठा र फर्निचरको पर्याप्तता र अनुकूलता | | ३ | | पर्याप्त र विद्यार्थी अनुकूल (विद्यार्थीको उचाइ र अपाङ्गताका आधारमा) भएमा ३ अङ्क अन्य अवस्था हेरी पर्याप्त भएमा २ र अपर्याप्त भएमा १ |
| | खेलमैदान र खानेपानीको पर्याप्तता | | २ | | पर्याप्त भए २, सामान्य भए १ |
| | शौचालय | | २ | | छात्र छात्राको लागि छुट्टाछुट्टै भएमा २ |
| | पुस्तकालयको अवस्था | | १ | | उपलब्ध भएमा १ |
| | प्रयोगशाला (विज्ञान र कम्प्युटर) | | २ | | दुवै भएमा २ र एकवटा मात्र भएमा १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | विद्यालय प्रोफाइल सूचनाका आधारमा विद्यालय सुधार योजना अध्यावधिक गरेको | | २ | | योजनामा समावेश भएको आधारमा अङ्कन गर्ने |
| ३ | विद्यालय सञ्चालन/उपलब्धि | | २२ | | |
| | वार्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन | | २ | | निर्माण मात्र भएमा १ कार्यान्वियन समेत भएमा २ |
| | २२० दिनभन्दा बढी विद्यालय खुलेको | | २ | | खुलेको दिनलाई पूर्णाङ्क मानी अङ्क दिने |
| | १९२ दिन पढाइ भएको | | २ | | खुलेको दिनलाई पूर्णाङ्क मानी अङ्क दिने |
| | विद्यालयमा सञ्चालित कक्षामध्ये माथिल्लो कक्षा (५ कक्षा ८ र कक्षा १० मध्ये एक) का विद्यार्थीहरूले नेपाली अंग्रेजी विज्ञान विषयमा प्राप्त गरेको औसत सिकाएको उपलब्धि | | १६ | | खुलेको दिनलाई पूर्णाङ्कमानी अङ्क दिने ७० प्रतिशत भन्दा बढी भएमा १६ ६० देखि ६९% भएमा १२ पचास देखि ५९ प्रतिशत भएमा ८ चालीस देखि ४९ प्रतिशत भएमा छ र सो भन्दा कम भएमा पाँच अङ्क दिने अक्षराङ्क पद्धति अवलम्बन भएमा सोही आधारमा अङ्कन गर्ने |
| ४ | वार्षिक प्रणालीको व्यवस्थापन | | १० | | |
| | आयवेको अभिलेख अध्यावधिक गरेको | | ३ | | अघिल्लो पाँच वर्ष देखिएको भएमा ३ र २ वर्ष देखि एकको भएमा २ र चालु वर्षको मात्र भएमा १ |
| | लेखा परीक्षण प्रतिवेदनले दिएका कार्यान्वयन | | २ | | आन्तरिक र बाह्य |
| | लेखा परीक्षण प्रतिवेदनले दिएका कार्यान्वयन | | २ | | पुरै गरेमा २ र आंशिक भएमा १ |
| | बेरुजुको अवस्था | | ३ | | बेरुजु शून्य भएमा ३ खर्च रकमको ५% भन्दा कम भएमा १ |
| ५ | विद्यार्थी सुविधा तथा सहयोग | | १५ | | |
| | तोकिएको तहका लागि मापदण्ड | | ३ | | खाजाको तीन वटा पक्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| | बमोजिमको दिवा खाजा उपलब्ध भएको | | | | मेनु,मापदण्ड र मात्रा मिलेमा ३ दुईवटा मिलेमा २ र एकवटा मिलेमा १ |
| | विद्यालयमा स्काउट,रेडक्रस,बाल क्लब गठन भई क्रियाशील रहेका | | २ | | गठन भई क्रियाशील रहेमा २ गठन मात्र भएमा १ |
| | लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | | ५ | | सार्वजनिक समारोह गरी लक्षित सबैलाई वितरण गरेमा,समारोह बिना वितरण गरेमा र केहीलाई मात्र वितरण गरेमा कर्मश ५,३,१ |
| | विद्यार्थीको स्वास्थ्य उपचारको व्यवस्था | | २ | | स्वास्थ्य सेवा प्रदायक सङ्घको सहकार्य (स्वास्थ्य चौकी वा नर्स) मा सेवा प्रवाह गरेमा २ अन्य अवस्थामा १ |
| | अतिरिक्त क्रियाकलाप विद्यालय, अन्तर विद्यालय, अन्तरजिल्ला, खेलकुद र प्रतियोगितामा सहभागी र पुरस्कृत (वार्षिक कतिवटामा) | | ३ | | विद्यालयले प्राप्त गरेका सिल्ड पदक तथा प्रमाणपत्रको सङ्ख्याका आधारमा ३ अङ्क आन्तरिक प्रतियोगिता सञ्चालन गरेमा १ |
| ६ | कार्यसम्पादन संस्कृति | | १५ | | |
| | नियम अनुसार प्रधानाध्यापकको नियुक्ति | | २ | | नियमअनुसार प्र.अ रहेकोमा २ अन्य अवस्थामा १ |
| | शिक्षकले कक्षामा बिताएको समयको अभिलेख राख्ने गरिएको | | ३ | | साप्ताहिक, पाक्षिक वा मासिक वा वार्षिक रूपमा अभिलेख राखेको अवस्थामा अङ्क प्रदान गर्ने |
| | शिक्षकहरूलाई कार्य जिम्मेवारी तोकिएको | | २ | | प्रधानाध्यापक तथा शिक्षकको कक्षामा टाँस गरेको हुनुपर्ने |
| | स्थानीय पाठ्यक्रमको निर्माण र कार्यान्वयन | | २ | | निर्माण मात्र गरेको भए १ र पठनपाठन समेत भएकोमा २ |
| | तागत शिक्षक इन्चार्जका व्यवस्था भएको | | १ | | आधारभूत र माध्यमिक तह |
| | विद्यालयको आफ्नै पहलमा सञ्चालन गरेको रचनात्मक कार्य | | ५ | | कार्यक्रमले पारेको प्रभावलाई हेरेर उत्कृष्ट भएमा ५ राम्रो भएमा ३ सन्तोकजनक भएमा २ अङ्क |
| कुल जम्मा | | | १ ०० | | |